काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२७ ❐ बुधवार, २४ भदौ, २०८३ ❐ Wednesday, 9 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सडक विकासमा कर्णालीको नौ वर्ष

नयाँ खन्ने, पुराना नटाल्ने



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ भदौ

कर्णाली प्रदेश सरकारले सडक विस्तारलाई निरन्तर प्राथमिकता दिए पनि सडकलाई दिगो र सुरक्षित बनाउनेतर्फ भने अपेक्षित प्रगति गर्न सकेको देखिएको छैन । प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ मा १६५ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य राखेकोमा ९१.७७ किलोमिटर मात्रै कालोपत्र गर्न सकेको छ । लक्ष्यको तुलनामा यो प्रगति निकै न्यून हो ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशभर ७२ किलोमिटर सडक कालोपत्र भएको थियो । अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा कालोपत्र सडकको लम्बाइ बढे पनि प्रदेश सरकारको निर्धारित लक्ष्य भने पूरा हुन सकेन । तथ्यांकले कर्णालीमा सडकको नयाँ ट्याक खोल्ने कामले प्राथमिकता पाउँदै आए पनि निर्माण भएका सडकको बाँकी पृष्ठ २

निर्माण सामग्री अभावदेखि मूल्यवृद्धिसम्मको असर

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ डिभिजनल इन्जिनियर प्रेमबहादुर ओलीले सडक निर्माणको लक्ष्य प्रभावित हुनुमा निर्माण सामग्रीको उपलब्धता, मूल्यवृद्धि तथा अन्य कारण रहेको बताएका छन् ।

उनका अनुसार मध्यपूर्वमा देखिएको युद्धका कारण अलकत्रा तथा पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि हुँदा निर्माण व्यवसायीसमेत प्रभावित भएका थिए । निर्माण सामग्री महँगिँदा ठेकेदारले काम अघि बढाउन कठिनाइ भएको उनको भनाइ छ । मौसमजन्य समस्या तथा निर्माण सामग्रीको सहज उपलब्धता नहुनुले पनि सडक निर्माणको गति प्रभावित भएको उनले बताए ।

आरसीआईपीअन्तर्गत निर्माण भइरहेका केही सडकमा समेत लक्ष्यअनुसार काम अघि बढ्न नसकेको मन्त्रालयको भनाइ छ । सुर्खेतमा करिब ८१ करोड रुपैयाँ लागतका चारवटा पक्की सडक निर्माण भइरहेकोमा गत आर्थिक वर्षमा तीनवटा सडकमा काम भइरहेको थियो । ती सडकको भौतिक प्रगति ७० प्रतिशतभन्दा माथि रहेको मन्त्रालयले जनाएको छ ।

लक्ष्यभन्दा धेरै कच्ची सडक, कालोपत्रमा निराशाजनक प्रगति

गत आर्थिक वर्षमा प्रदेश सरकारले २१६ किलोमिटर नयाँ माटे सडक निर्माण गर्ने लक्ष्य राखेको थियो । तर लक्ष्यभन्दा ३७ किलोमिटर बढी अर्थात् करिब २५३ किलोमिटर सडकको ट्याक खोलिएको छ । नयाँ सडक निर्माणमा लक्ष्यभन्दा बढी प्रगति हुँदा पनि कालोपत्रतर्फ भने अपेक्षित उपलब्धि हासिल हुन सकेन ।

जिल्लागत तथ्यांकले पनि सडक कालोपत्रको अवस्था समान नभएको देखाउँछ । १० जिल्लामा गरी ५९.७ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा २९.९ किलोमिटर मात्र काम सम्पन्न भएको छ । दलेखमा १० किलोमिटर लक्ष्य राखिएकामा १७.१ किलोमिटर कालोपत्र भएको छ । डोल्पामा १.५ किलोमिटर लक्ष्य रहेकामा १.२, हुम्लामा एक किलोमिटर लक्ष्य रहेकामा ०.२ र जाजरकोटमा पाँच किलोमिटर लक्ष्य रहेकामा ०.७ किलोमिटर मात्र सडक कालोपत्र भएको छ ।

जुम्लाले भने २.५ किलोमिटरको लक्ष्य पूरा गरेको छ । कालिकोटमा पाँच किलोमिटर कालोपत्र गर्ने लक्ष्य राखिए पनि कुन काम हुन सकेन । मुगुमा १.३ किलोमिटर लक्ष्य रहेकामा ०.९, सल्यानमा २० किलोमिटर लक्ष्य रहेकामा १६.६ र रुकुम पश्चिममा २० किलोमिटर लक्ष्य रहेकामा १.७ किलोमिटर मात्र कालोपत्र भएको छ ।

आरसीआईपी-एएफ परियोजनाबाट थप २१ किलोमिटर सडक कालोपत्र भएको छ । उक्त परियोजनाअन्तर्गत ३९ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य थियो ।

पुल र भवन निर्माणमा पनि लक्ष्य पूरा भएन

सडक मात्रै होइन, पुल तथा भवन निर्माणका कामसमेत लक्ष्यअनुसार अघि बढ्न सकेका छैनन् । 'तुइनमुक्त कर्णाली' बनाउने उद्देश्यसहित ५२ वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य राखिएकामा ३९ वटा मात्रै निर्माण भएका छन् । ४३ वटा सडक पुल निर्माण गर्ने लक्ष्य रहेकामा २१ वटा मात्रै सम्पन्न भएका छन् ।

त्यस्तै, जनता आवास कार्यक्रमअन्तर्गत २११ र विपन्नका घर निर्माण कार्यक्रमअन्तर्गत २४८ वटा घर निर्माण भएका छन् । मन्त्रालयसँग गत आर्थिक वर्ष सडक, पुल तथा भवनलगायत ७७२ वटा आयोजना रहेकामा ३८९ वटा मात्रै सम्पन्न भएका छन् ।

बजेट अभाव पनि मुख्य समस्या

मन्त्रालयका प्रवक्ता ओलीका अनुसार कर्णालीमा पक्की सडक निर्माण गर्न ठूलो रकम आवश्यक पर्ने भएकाले बजेटको सीमितता पनि प्रमुख चुनौती हो ।

दुई लेनको १० किलोमिटर सडक कालोपत्र गर्न करिब एक अर्ब रुपैयाँसम्म आवश्यक पर्ने भएकाले प्रदेशको बजेट क्षमताले सबै सडकलाई तत्काल पक्की बनाउन कठिन हुने उनको भनाइ छ ।

कर्णालीका धेरै ग्रामीण क्षेत्रमा सवारी साधनको आवागमन तुलनात्मक रूपमा कम रहेकाले तत्काल कालोपत्रभन्दा माटे तथा ग्राभेल सडक निर्माणमा जोड दिनुपरेको मन्त्रालयको तर्क छ । तर वर्षौंदेखि माटे सडक मात्रै विस्तार हुँदा त्यसको दीर्घकालीन प्रभाव र सडक सुरक्षाबारे भने प्रश्न उठ्दै आएको छ ।

प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब संकलन



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ भदौ

प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब रुपैयाँ जम्मा भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मंगलबारसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा गरेर ११ अर्ब ७७ करोड ६७ लाख ५० हजार २६१ रुप्रयाँ जम्मा भएको हो ।

अहिले नौ वटा वाणिज्य बैंकमा आठ अर्ब ५९ करोड १९ लाख चार हजार २२३ रुपैयाँ मौज्दात छ । राहत कोषमा जम्मा भएको रकमबाट यसअघि एक अर्ब रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका नाममा निकासा भइसकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

यसैगरी, हिमालयन बैंक लिमिटेड र लक्ष्मी सनराइज बैंक लिमिटेडमा रहेको डलर खातामा दुई करोड ११ लाख आठ हजार ४७१ रुपैयाँ जम्मा भएको पनि कार्यालयले जनाएको छ ।

जेन्जी आन्दोलनकारी :

कोही सत्तामा, कोही सडकमै

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ भदौ

गत वर्ष भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलन मंगलवार एक वर्ष पुगेको छ । यो एक वर्षमा जेनजी आन्दोलनमा फ्रन्टलाइनमा देखिएका अगुवाहरु कोही सडकमै छन् त कोही सत्ताको सिँढी उक्लिएका छन् ।

हिजोदेखि नै सामाजिक आन्दोलनमा सक्रिय जेन्जी फ्रन्टलाइनरहरु जेनजी आन्दोलनपछि पनि सामाजिक आन्दोलनहरूमै सक्रिय छन् । सरकारका गलत कामकारबाहीप्रति आलोचनात्मक प्रश्न गरिरहेका छन् ।

तर, अन्य जेनजी फ्रन्टलाइनरहरु कोही पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारमा सचिवालयहरूमा पुगे । कोही रास्वपा प्रवेश गरेर सांसद बने त कोही अहिले मन्त्रीहरूको सचिवालयमा छन् ।

जेन्जी आन्दोलनमा प्रमुखताका साथ देखिएका हामी नेपालका संस्थापक सुदन गुरुङ अहिले गृहमन्त्री छन् । जेनजी फ्रन्टलाइनर पुरुषोत्तम यादव, मनिष खनाल, अफ्साना बानु, शिव यादव, बब्लु गुप्ता, श्रृष्टि भट्टराई रास्वपाको तर्फबाट सांसद छन् ।

जेम्स कार्की गृहमन्त्री गुरुङको स्वकीय सचिव छन् भने ओजश्वी थापा रास्वपाको मनोनीत पूर्वकेन्द्रिय सदस्य हुन् ।

अनिल बानियाँ हामी नेपाल तथा सुदनका सहयोगी हुन् भने धीरज जोशी पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालका स्वकीय सचिव थिए । त्यस्तै प्रदीप ज्ञवाली र आकृति घिमिरे पूर्वप्रधानमन्त्री सुशीला कार्कीको सचिवालयमा कार्यरत थिए ।

तर, रास्वपा वा अन्य दलमा रहेर चुनाव लड्ने अवसर पाउँदा पनि रक्षा बम, उपार्जुन चाम्लिङ, रिजन राना मगर, माजिद अन्सारी, तनुजा पाण्डे, मोनिका निरौला, लक्ष्मी घिमिरे, युजनराज भण्डारी, अर्नव चौधरी, अमित खनालहरुले भने सडक नै रोजे । यी जेनजी फ्रन्टलाइनरहरु अहिले पनि विभिन्न सामाजिक आन्दोलनमा सडकमै भेटिने गरेका छन् ।

'२३ गतेको जस्तो नियति अब देशले भोग्नु पर्दैन'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ भदौ



कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले जेन-जी आन्दोलनका शहीद तथा घाइतेहरूको माग सम्बोधन गर्न वर्तमान सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएकी छन् ।

जेन-जी शहीद दिवसका अवसरमा जेन-जी शहीद कल्याणकारी समाजले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले सरकाप्रति भरोसा राख्न आग्रह गरेकी हुन् ।

आन्दोलनसँग जोडिएका मागहरूबारे दैनिकजसो छलफल भइरहेको जानकारी दिँदै मन्त्री गौतमले भनिन्, 'यो स्मृति दिवसमा हामी सबैले सङ्कल्प गर्नुपर्छ कि २३ गतेको जस्तो नियति यो देशमा अब कहिले पनि हामी कसैले पनि भोग्न नपरोस्, कोही आमाले पनि भोग्न नपरोस्, कोही परिवारले पनि भोग्न नपरोस् ।'

उनले थपिन्, 'तपाईंहरूका मागहरू धेरै छन् । ती मागहरू सम्बोधन गर्नका लागि हामी हरेक दिनजसो अहिलेको सरकारमा रहेका मन्त्रीहरू, संसद्मा रहेका सांसदहरू सरसल्लाह गरिरहेका छौं ।'

सरकारको संरचनाभित्र काम गर्ने तौरतरिकाहरू बुझ्न केही समय लागेको स्वीकार गर्दै उनले पीडितहरूको जस्तै पीडा आफूहरूलाई पनि भएको बताइन् ।

अघिल्लो बाँकी पृष्ठ ४

प्रधानमन्त्रीको स्टाटस्: प्रिय जेनजी, सुशासन कायम हुने नै छ



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ भदौ

प्रधानमन्त्री वालेन्द्र शाहले सुशासन कायम गर्ने प्रतिबद्धता जनाएका छन् ।

जेनजी शहीद दिवसको अवसरमा मंगलबार सामाजिक सञ्जालमार्फत आफ्नो धारणा राख्दै प्रधानमन्त्री शाहले सुशासन कायम गर्ने बताएका हुन् । जेनजीलाई सम्बोधन गर्दै शाहले लेखेका छन्, 'प्रिय जेनजी, सुशासन कायम हुने नै छ ।'

गत वर्ष भदौ २३ गते सुशासनको माग गर्दै जेनजी आन्दोलन भएको थियो । जसको बलमा सत्ता परिवर्तनपछि भएको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबैभन्दा ठूलो दल बनेको हो । यसै अवसरमा सरकारले मंगलबार देशभर सार्वजनिक बिदा पनि दिएको थियो । प्रधानमन्त्री शाहले पनि सामाजिक सञ्जालमार्फत जेनजी शहीदप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

बुधवार, २४ भदौ, २०८३
Wednesday, 9 Sep 2026

सम्पादकीय

परिवर्तनको प्रश्न अझै बाँकी

एक वर्षअघि २०८२ भदौ २३ गते, सामाजिक सञ्जालमाथिको प्रतिबन्धविरूद्ध उठेको युवाको आवाज केही घण्टामै देशव्यापी विद्रोहमा बदलियो । फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, एक्स र युट्युबलगायत सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन कारण भए पनि आन्दोलनभित्र वर्षौंदेखि सञ्चित भ्रष्टाचार, बेथिति, अवसरको अभाव, नातावाद र राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टि विस्फोट भएको थियो । माइतीघर, नयाँ बानेश्वर हुँदै देशका विभिन्न सहरमा फैलिएको आन्दोलनले नेपालको राजनीतिलाई नै नयाँ मोडमा पुऱ्यायो । पहिलो दिनको हिंसात्मक घटनामा युवाको ज्यान गयो, सयौँ घाइते भए ।

त्यसपछिका घटनामा सार्वजनिक तथा निजी सम्पत्तिमा भएको आगजनी र तोडफोड भने आन्दोलनको गम्भीर कमजोर पक्ष बन्यो । लोकतन्त्रमा असहमति र विरोध स्वाभाविक अधिकार हुन्, तर हिंसा र सार्वजनिक सम्पत्तिको विनाशलाई कुनै पनि बहानामा स्वीकार गर्न सकिँदैन । आन्दोलनले तत्काल केही परिणाम अवश्य दियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हट्यो, सरकार परिवर्तन भयो र तत्कालीन राजनीतिक नेतृत्वमाथि छानबिनको प्रक्रिया अघि बढ्यो । तर आन्दोलनको मूल प्रश्न यतिमै सकिँदैन ।

युवाले खोजेको परिवर्तन केवल सरकार परिवर्तन थियो कि शासन प्रणाली, सार्वजनिक सेवा र अवसरको संरचनामै परिवर्तन रू यसको जवाफ अझै खोजिनु पर्छ । 'नेपो किड्स'देखि भ्रष्टाचारविरोधी नारासम्म फैलिएको असन्तुष्टिको जरो रोजगारी, शिक्षा, स्वास्थ्य, अवसर र सुशासनसँग जोडिएको थियो । विदेशिन बाध्य युवाले आफ्नै देशमा क्षमता र योग्यताका आधारमा अवसर खोजेका थिए । त्यसैले आज पनि रोजगारी सिर्जना हुन सकेन, सार्वजनिक सेवा सहज भएन र पहुँचभन्दा योग्यताको मूल्य स्थापित भएन भने जेन-जीको असन्तुष्टि फेरि जन्मिन सक्छ । एक वर्षपछि आन्दोलनको मूल्यांकन गर्दा भावनाभन्दा परिणाम हेर्नुपर्छ । आन्दोलनका क्रममा उठाइएका मागलाई संस्थागत सुधार, पारदर्शिता, जवाफदेहिता र अवसरमा बदल्न सकियो कि सकिएन भन्ने नै मुख्य प्रश्न हो । सडकमा उठेको आवाजलाई निर्वाचन र शासनको प्रक्रियामा जोड्नु सकारात्मक सुरूवात हो, तर त्यसलाई उपलब्धि बनाउन निरन्तर सुधार आवश्यक छ ।

नयाँ...

स्तरोन्नति र कालोपत्रमा भने सरकार कमजोर देखिएको छ ।

प्रदेश सरकार स्थापना भएयता करिब नौ वर्षको अवधिमा कर्णालीमा जम्मा ३४१.३७ किलोमिटर सडक कालोपत्र भएको छ ।

यही अवधिमा ३ हजार ४१६.०५ किलोमिटर नयाँ माटे सडक निर्माण गरिएको छ ।

त्यस्तै, ८१९.६० किलोमिटर ग्राभेल सडक तथा खण्डस्मित र अन्य स्तरोन्नतितर्फ ८५३ किलोमिटर सडक निर्माण भएको प्रदेश सरकारको तथ्यांक छ ।

यसले कर्णालीको सडक विकासमा नयाँ बाटो खोल्ने काम तीव्र भए पनि त्यसलाई पक्की र भरपर्दो सडकमा रूपान्तरण गर्ने काम भने सुस्त रहेको देखाउँछ ।

ग्रामीण क्षेत्रमा सडकको पहुँच विस्तार आवश्यक भए पनि वर्षौंदेखि माटे सडकमा निर्भर रहनुपर्ने अवस्थाले नागरिकलाई वर्षायाममा थप समस्या झेल्न बाध्य बनाउँदै आएको छ ।

पूर्वाधार बजेटको कार्यान्वयन पनि कमजोर

सडक निर्माणसँगै समग्र भौतिक पूर्वाधारतर्फको बजेट कार्यान्वयनसमेत कमजोर देखिएको छ । गत आर्थिक वर्ष मन्त्रालयसँग १० अर्ब ७५ करोड ५९ लाख ३२ हजार रुपैयाँ विकास बजेट रहेकोमा ५ अर्ब २१ करोड ४३ लाख रुपैयाँ मात्रै खर्च भएको छ । यसअनुसार पुँजीगत बजेट कार्यान्वयन करिब ४८ प्रतिशतमा सीमित भएको छ ।

प्रदेशका पूर्वाधार विकास कार्यालयहरूको कार्यसम्पादन पनि सन्तोषजनक देखिँदैन । सुर्खेत कार्यालयले ४६, जुम्लाले ६१, मुगुले ७३, रुकुम पश्चिमले ५२, कालिकोटले ६९, सल्यानले ५०, हुम्लाले ४३, दैलेखले ५६, डोल्पाले ५३ र जाजरकोटले ४४ प्रतिशत मात्रै विकास बजेट कार्यान्वयन गरेका छन् ।

विकासको पर्खाइमा कर्णाली:

चुनौती, यथार्थ र सम्भावना



✍ रामचन्द्र थापा

कर्णाली प्रदेश प्राकृतिक स्रोतसाधन, जैविक विविधता, बहुमूल्य जडीबुटी, अद्वितीय संस्कृति र अपार जलस्रोतको धनी क्षेत्र भए तापनि भौगोलिक विकटता, पूर्वाधारको अपर्याप्तता, गरिबी र राज्यको दीर्घकालीन नीतिको कमीका कारण अझै पनि आधारभूत मानवीय सेवा-सुविधा पाउन ठूलो सङ्घर्ष गरिरहेको छ ।

नेपालको कुल भूभागको करिब २१ प्रतिशत क्षेत्र ओगटेको यो ठूलो प्रदेश सम्भावना नै सम्भावनाले भरिपूर्ण हुँदाहुँदै पनि सङ्घीयताको स्थापना पश्चात् गठन भएका प्रदेश तथा स्थानीय सरकारहरूले यहाँको बहुआयामिक गरिबी र पछौटेपनलाई चिर्न सोचेजस्तो द्रुत गतिमा काम गर्न सकेका छैनन् । जसले गर्दा विकासका मुख्य आधार मानिने शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा वर्षौंदेखि जरा गाडेर बसेका समस्याहरू आज पनि उत्तिकै जटिल अवस्थामा खडा छन् । यस प्रदेशको दिगो विकासका लागि नीतिगत स्पष्टता, बजेटको सही सदुपयोग र स्थानीय तहदेखि सङ्घीय तहसम्मको एकीकृत समन्वय अत्यन्त आवश्यक देखिन्छ ।

शिक्षा क्षेत्रको अवस्थालाई गहन रूपमा विश्लेषण गर्दा, सुर्खेत र दैलेखजस्ता सुगम मानिने जिल्लाहरूमा शिक्षाको पहुँचमा केही सुधार देखिए पनि हुम्ला, मुगु, डोल्पा, कालिकोट र जाजरकोटजस्ता दुर्गम जिल्लाहरूमा टेन्ट, पाल र कच्ची भवनबाट विद्यालय सञ्चालन हुनुपर्ने बाध्यता अझै हटिसकेको छैन ।

सामुदायिक विद्यालयहरूमा प्राविधिक, गणित, विज्ञान र अंग्रेजी विषयका स्वीकृत दरबन्दी अनुसारका स्थायी शिक्षकको चरम अभाव छ, जसका कारण हजारौँ विद्यार्थीहरू गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित भइरहेका छन् । यसका साथै आधुनिक पुस्तकालय, प्रविधिमैत्री कम्प्युटर ल्याब र विज्ञान प्रयोगशालाको पहुँच त धेरै टाढाको विषय बनेको छ ।

विद्यार्थीहरू दैनिक घण्टौंसम्म भिरपहरा र जोखिमपूर्ण बाटो हिँडेर विद्यालय आवतजावत गर्न बाध्य छन् भने गरिबी, बालविवाह, चेतनाको कमी र मौसमी बसाइँसराइका कारण बीचैमा विद्यालय छाड्ने Drop–out दर पनि यस प्रदेशमा अन्य प्रदेशको तुलनामा निकै उच्च रहेको देखिन्छ ।

यसका अलावा उच्च शिक्षा अध्ययनका लागि उपयुक्त पूर्वाधार र दक्ष जनशक्तिको अभावमा युवा विद्यार्थीहरू सहर र विदेशतर्फ पलायन हुन बाध्य छन्, जसले गर्दा ग्रामीण भेगका विद्यालयहरू र क्याम्पसहरू रित्तिँदै गइरहेका छन् ।

स्वास्थ्य सेवाको यथार्थ अझ संवेदनशील र चिताजनक छ, जहाँ सुर्खेतस्थित प्रदेश अस्पताल र जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले विशेषज्ञ सेवा प्रदान गर्दै आए तापनि दूरदराजका गाउँ बस्तीहरूमा आधारभूत सिटामोल र जीवनरक्षक औषधिको अभाव निरन्तर भइरहन्छ ।

सरकारी तवरबाट जिल्ला अस्पतालहरूमै आधुनिक मेसिन र उपकरणहरू पठाइए पनि दक्ष विशेषज्ञ डाक्टरहरू भौगोलिक विकटता, सेवासुविधाको कमी र प्रोत्साहनको अभावका कारण दुर्गममा लामो समय नटिक्ने समस्या कायमै छ । यसकै परिणामस्वरूप जटिल प्रकारका गर्भवती महिलाहरू वा सिकिस्त बिरामीहरूले समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने स्थिति छ भने अझै पनि महँगो र मौसममा निर्भर रहने हवाई उद्धार Air Airlift मै भर पर्नुपर्ने बाध्यता छ । साथै बाटोघाटोको असुविधाले गर्दा गाउँ-गाउँका स्वास्थ्य चौकीहरूमा बर्खायाममा पहिरो जाँदा औषधि आपूर्ति महिनौंसम्म ठप्प हुने गर्दछ, जसले गर्दा सामान्य रोगको पनि समयमा निदान हुन नसकेर नागरिकहरूले ठूलो सास्ती भोग्नुपरिरहेको छ ।

स्वास्थ्य चौकीहरूमा पर्याप्त मात्रामा प्रसूति गृह र आकस्मिक सेवाको व्यवस्था नहुँदा आमा तथा शिशु मृत्युदर कम गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न ठूलो चुनौती सिर्जना भइरहेको छ ।

पूर्वाधार विकास र सञ्चारका दृष्टिकोणले हेर्दा, सडक सञ्जाल र सञ्चारको पहुँच नपुगी शिक्षा र स्वास्थ्यको अपेक्षित सुधार असम्भव प्रायः छ ।

कर्णाली करिडोर तथा भेरी करिडोरजस्ता राष्ट्रिय राजमार्गहरूको ट्र्याक खोल्ने काम भइरहे तापनि कच्ची र साँघुरो सडकका कारण बर्खायाममा आउने बाढी तथा पहिरोले महिनौंसम्म यातायात ठप्प हुने गर्छ, जसले दैनिक उपभोग्य वस्तु र औषधिको आपूर्ति रोक्छ ।

प्रदेशका कतिपय हिमाली बस्तीहरूमा आज पनि टेलिफोन र इन्टरनेटको पहुँच पुग्न सकेको छैन, जसले गर्दा स्थानीय बासिन्दा विश्वव्यापी सूचना, डिजिटल साक्षरता र आधुनिक प्रविधिबाट टाढा छन् ।

भौगोलिक बनावटका कारण भूकम्प, पहिरो र बाढीजस्ता प्राकृतिक विपद्को उच्च जोखिममा रहेको कर्णालीमा विपद् पूर्वतयारी, द्रुत राहत र सुरक्षित पुनर्स्थापनाको रणनीति अझै मजबुत हुन सकेको छैन, जसले गर्दा प्रत्येक वर्ष धनजनको ठूलो क्षति हुने गर्दछ ।

यातायात र सञ्चारको कमीले गर्दा स्थानीय तहमा हुने विकास निर्माणका कामहरूको अनुगमन र नियमन गर्न पनि प्राविधिक टोलीहरूलाई ठूलो सास्ती हुने गरेको छ ।

यद्यपि, कर्णाली केवल अभाव र समस्याको थलो मात्र होइन, यो समृद्धिको ठूलो सम्भावना बोकेको अद्वितीय क्षेत्र पनि हो । कर्णाली र भेरीजस्ता ठूला नदीहरूबाट हजारौँ मेगावाट स्वच्छ जलविद्युत् उत्पादन गर्ने क्षमता छ, जसले समग्र देशलाई नै उज्यालो बनाउन सक्छ र प्रदेशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन मद्दत गर्दछ ।

यार्सागुम्बा, पाँचऔँले, जटामसी, गुच्ची च्याउजस्ता बहुमूल्य जडीबुटी र स्याउ, सिमी, फापर, मार्सी चामल, ओखरजस्ता अर्गानिक उत्पादनको व्यावसायिक प्रशोधन र विश्वव्यापी बजारीकरण गर्न सके यहाँका कृषकहरूको आर्थिक स्तर द्रुत रूपमा माथि उठ्नेछ । साथै रारा ताल, फोक्सुण्डो ताल, बुलबुले ताल, काँक्रेविहार, चन्दननाथ मन्दिर र मानसरोवर जाने मुख्य प्रवेशद्वारका रूपमा कर्णालीलाई अन्तर्राष्ट्रिय पर्यटकीय हब बनाउन सकिन्छ, जसले स्थानीय स्तरमा हजारौँ युवाहरूका लागि रोजगारी र स्वरोजगारीका नयाँ अवसरहरू सिर्जना गर्नेछ ।

तसर्थ, कर्णालीलाई सधैँ 'विकट', 'गरीब' र 'दयाको पात्र'का रूपमा मात्र हेर्ने परम्परागत दृष्टिकोणलाई अब पूर्ण रूपमा बदल्न आवश्यक छ । यहाँ रहेका प्रचुर जलविद्युत्, प्राङ्गारिक (अर्गानिक) कृषि, बहुमूल्य जडीबुटी र पर्यटकीय स्थलहरूको सही र रणनीतिक सदुपयोग गर्न सके यो प्रदेश देशकै आर्थिक समृद्धिको बलियो इन्जिन बन्न सक्छ ।

यसका लागि प्रदेश र सङ्घीय सरकारले शिक्षामा स्थायी दरबन्दी पूर्ति गर्ने, प्रविधिमैत्री आवासीय विद्यालयको अवधारणा लागू गर्ने, स्वास्थ्य चौकीहरूमा विशेषज्ञ डाक्टरहरूलाई प्रोत्साहन भत्ता र सुरक्षित वातावरण दिएर टिकाउने, बाह्रैमास सञ्चालन हुने मजबुत सडक सञ्जाल निर्माण गर्ने तथा भ्रष्टाचारमुक्त र पारदर्शी बजेट कार्यान्वयन सुनिश्चित गर्ने ठोस र व्यावहारिक नीति तत्काल लागू गर्नुपर्ने देखिन्छ । यसरी योजनाबद्ध ढङ्गले काम गरेमा मात्र कर्णालीको मुहार फेरिनेछ र यहाँका जनताले सङ्घीयता र विकासको वास्तविक अनुभूति गर्न पाउनेछन् ।

कर्णाली प्रदेशको समग्र रूपान्तरणका लागि केवल सरकारी तवरबाट बजेट विनियोजन गरेर मात्र पुग्दैन, विनियोजित बजेटको पारदर्शी र प्रभावकारी उपयोग हुनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । विगतका अनुभवहरूलाई हेर्दा आयोजनाहरू समयमै सम्पन्न नहुने, ठेक्का सम्झौता भएर पनि काम बीचैमा अलपत्र पर्ने र बजेट फ्रिज हुने जस्ता समस्याहरू कर्णालीका लागि दीर्घकालीन रोग बनेका छन् ।

यसलाई नियन्त्रण गर्नका लागि स्थानीय नागरिकहरूलाई विकास निर्माणका गतिविधिमा प्रत्यक्ष सहभागी गराउने र जनस्तरबाटै बलियो खबरदारी तथा अनुगमन प्रणाली स्थापित गर्नु आवश्यक छ ।

जबसम्म बजेटको ठूलो हिस्सा कागजमै सीमित रहन्छ वा पहुँचवालाहरूको पोल्टोमा पर्छ, तबसम्म दुर्गम गाउँका सर्वसाधारणले वास्तविक विकासको अनुभूति गर्न पाउने छैनन् । त्यसैले सुशासन, जवाफदेहिता र पारदर्शितालाई कर्णालीको विकास यात्राको पहिलो सर्त बनाइनुपर्छ ।

यसका साथै, कर्णालीमा जलविद्युत् र कृषि उत्पादनको प्रशोधनका लागि ठूला-साना उद्योगहरूको स्थापना गर्न निजी क्षेत्र र वैदेशिक लगानीलाई आकर्षित गर्ने नीति ल्याउनु आवश्यक छ । विशेष गरी जडीबुटी प्रशोधन केन्द्रहरू कर्णालीमै स्थापना गर्न सकिएमा यहाँका बहुमूल्य स्रोतहरू कौडीको भावमा बाहिरिने क्रम रोकिनेछ र स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना हुनेछन् ।

अर्गानिक खेतीलाई प्रोत्साहन गर्न स्थानीय तहहरूले बीउबिजन, प्राविधिक ज्ञान र बजारको ग्यारेन्टी गर्ने हो भने कृषि क्षेत्र कर्णालीको अर्थतन्त्रको बलियो स्तम्भ बन्न सक्छ । युवाहरूलाई सीपमूलक र प्राविधिक तालिम दिएर आफ्नै भूमिमा उद्यमशील बनाउन सकेमा वैदेशिक रोजगारीको भर पर्नुपर्ने बाध्यता स्वतः घट्दै जानेछ ।

पर्यटनको क्षेत्रमा केवल प्राकृतिक सौन्दर्यको प्रचारप्रसार मात्र गरेर पुग्दैन; पर्यटकहरूलाई सहज रूपमा पुग्न सक्ने सडक, सुरक्षित यातायात, सुविधायुक्त होटल र होमस्टेको व्यवस्था हुनुपर्छ ।

हिमाली पदयात्रा, सांस्कृतिक पर्यटन र धार्मिक पर्यटनलाई एकीकृत गरी पर्यटन पदमार्गहरूको विकास गर्न सकिन्छ । पर्यटनबाट प्राप्त हुने आम्दानीलाई सिधै स्थानीय समुदायको विकासमा जोड्न सकिएमा पर्यटन विकास दिगो र फलदायी हुनेछ ।

स्थानीय कला, संस्कृति, देउडा, झाँकी र परम्परागत जीवनशैलीलाई पनि पर्यटकीय आकर्षणका रूपमा प्रवर्द्धन गर्न सकिन्छ । जलवायु परिवर्तनको दृष्टिकोणले कर्णाली प्रदेश अत्यन्त संवेदनशील मानिन्छ ।

हिमाली क्षेत्रमा तीव्र गतिमा पग्लेका हिमनदीहरू, बेमौसमी वर्षा, सुख्खाखडेरी र पहिरोजस्ता विपद्हरूले यहाँको जनजीवन र कृषि प्रणालीलाई अस्तव्यस्त बनाइरहेका छन् । तसर्थ, विकास निर्माणका कामहरू गर्दा वातावरणीय असरको मूल्यांकन गरी वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिनुपर्छ ।

विपद् व्यवस्थापन र पूर्वतयारीका लागि स्थानीय तहहरूमा बजेट र तालिमप्राप्त जनशक्तिको व्यवस्था हुनुपर्छ ताकि विपद् परेको खण्डमा तत्काल उद्धार र राहत पुऱ्याउन सकियोस् ।

अन्ततः, कर्णालीको विकास कुनै एक क्षेत्रको प्रयासबाट मात्र सम्भव छैन । यसका लागि सङ्घीय सरकारको दरिलो राजनीतिक इच्छाशक्ति, प्रदेश सरकारको योजनाबद्ध र पारदर्शी कार्यशैली, स्थानीय सरकारको सक्रियता र स्थानीय जनताको सामूहिक सहभागिता हुनु अपरिहार्य छ ।

कर्णालीलाई अब केवल अनुदानमा बाँच्ने क्षेत्र होइन, बरु सम्पूर्ण देशलाई समृद्धिको दिशामा डोर्याउने सामर्थ्य भएको प्रदेशका रूपमा स्थापित गर्नुपर्छ ।

स्रोत र साधनको सही परिचालन, सुशासनको सुनिश्चितता र दीर्घकालीन सोचका साथ अघि बढेमा कर्णालीले छिट्टै समृद्धिको नयाँ युगमा प्रवेश गर्नेछ र यहाँका नागरिकहरूले सम्मानजनक जीवन जिउन पाउनेछन् ।

प्रयोग नहुँदै जीर्ण बन्यो अस्पताल भवन



काँक्रेविहार संवाददाता
जाजरकोट, २३ भदौ

जिल्ला अस्पताल जाजरकोटमा एक करोड ३९ लाख रुपैयाँभन्दा बढी लागतमा निर्माण गरिएको आवासीय भवन प्रयोगमा आउनुअघि नै जीर्ण बनेको छ।

भवनको जग तथा बाहिरी पेटी आसपासको जमिन भासिनुका साथै विभिन्न स्थानमा चिरा देखिएपछि निर्माणको गुणस्तरमाथि प्रश्न उठेको हो।

सघन सहरी तथा भवन निर्माण आयोजना जाजरकोटले नाशा निर्माण सेवा, कोहलपुर-११, बाँकेसँग २०८१ चैत २२ गते भवन निर्माणको सम्झौता गरेको थियो। सात महिनाभित्र काम सम्पन्न गर्ने गरी एक करोड ३९ लाख ७६ हजार छ सय २७ रुपैयाँ ७६ पैसामा सम्झौता भएको थियो।

निर्माणको समयसीमा असार मसान्तसम्म रहेकाले अन्तिम चरणमा काम सम्पन्न गर्ने दबाब रहेको बताइएको छ। भिरालो जमिनमा निर्माण गरिएको भवनमा पर्याप्त पानी निकासको व्यवस्था नहुनु, जमिन संरक्षणमा कमजोरी र प्रभावकारी प्राविधिक अनुगमन नहुनुले अहिले समस्या देखिएको स्थानीयको भनाइ छ।

सम्झौता रकममध्ये निर्माण कम्पनीलाई हालसम्म एक करोड २९ लाख ७६ हजार तिन सय २७ रुपैयाँ १७ पैसा भुक्तानी भइसकेको छ। यो कुल सम्झौता रकमको करिब ९३ प्रतिशत हो।

ठूलो रकम भुक्तानी भइसकेपछि भवन प्रयोगमै नआउँदै क्षति देखिनुले निर्माण कम्पनी र आयोजना कार्यालयको जिम्मेवारीमाथि समेत प्रश्न उठेको छ।

जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख कालीबहादुर खत्रीले निर्माणका क्रममा सम्बन्धित निकायबाट पर्याप्त अनुगमन नभएको बताए उनले भवन निर्माणको गुणस्तर र प्राविधिक पक्षमा कार्यालयको कमजोरी देखिएको उल्लेख गरे।

आयोजना जाजरकोटका इन्जिनियर रमेशकुमार यादवले भवनमा देखिएको समस्या समाधान गर्न निर्माण कम्पनीलाई मर्मतका लागि निर्देशन दिइएको बताए। उनका अनुसार क्षतिग्रस्त भाग सुधार गरी भवनलाई प्रयोगयोग्य बनाउने प्रक्रिया अघि बढाइएको छ।

सरकारी लगानीमा निर्माण भएको संरचना प्रयोगमा आउनुअघि नै क्षतिग्रस्त भएपछि निर्माणको गुणस्तर, प्राविधिक परीक्षण, पानी निकासको व्यवस्थापन तथा आयोजना कार्यालयको सुपरिवेक्षणबारे छानबिन आवश्यक देखिएको छ।

सडक अवरुद्ध हुँदा बाटोमै कुहिँदै स्याउ

काँक्रेविहार संवाददाता
मुगु, २३ भदौ



नाम्म-गमगढी सडकअन्तर्गत मुगुको झ्यारीखोला र ताल्चाको चोरमेलामा सडक चौडा गर्ने कामका कारण १५ दिनदेखि सडक अवरुद्ध हुँदा नेपालगन्ज र सुर्खेत लैजान लागिएका स्याउ बाटोमै कुहिन थालेका छन्।

बर्खायाममा सडक निर्माण सुरु गर्दा पटक-पटक सडक अवरुद्ध हुने गरेको स्थानीयको गुनासो छ। छायानाथ रारा नगरपालिका चारका कृषक महेन्द्र भामले तिजलाई लक्षित गरी बजार पठाउन लागिएका स्याउ सडक अवरुद्ध हुँदा बिग्रिन थालेको बताए। उनका अनुसार भदौको पहिलो सातादेखि सडक सञ्चालनमा आउन सकेको छैन। साउनमा मात्रै चार पटक सडक अवरुद्ध भएको थियो।

स्थानीयले निर्माण कम्पनीले हिउँदमा काम नगरी बर्खायाममा सडक खन्न थालेकाले सर्वसाधारणले सास्ती खेप्नुपरेको आरोप लगाएका छन्।

छायानाथ रारा नगरपालिका आठका रतन रावलले सडक निर्माणमा भएको ढिलाइबारे छानबिन गरी आवश्यक कारबाही गर्न माग गरे।

सडक अवरोधका कारण दैनिक आवतजावत गर्ने सयौँ नागरिकसँगै रारा आउने पर्यटकसमेत प्रभावित भएको स्थानीयको भनाइ छ।

झ्यारीखोलादेखि ताल्चा चोरमेलासम्म सडक चौडा गर्ने जिम्मा प्रभात उपमा जेभीले पाएको छ।

सडक डिभिजन कार्यालय जुम्लाका साइट इन्जिनियर प्रदीप चौधरीका अनुसार कम्पनीसँग २०८२ पुस २२ देखि २०८३ असार मसान्तसम्म काम सक्ने सम्झौता भए पनि समयमै काम पूरा नभएपछि २०८३ पुससम्म म्याद थप गरिएको छ।

एक करोड ८२ लाख रुपैयाँ लागत रहेको योजनामा हालसम्म करिब ३५ प्रतिशत भौतिक प्रगति भएको छ। सडकमा डबल कटिङ, ग्याबिन तथा सिमेन्टेट वाल र २७ मिटर ग्राभेल गर्ने काम रहेको छ।

जिल्ला प्रशासन कार्यालय मुगुले तत्काल जेसीबी परिचालन गरी सडक खुलाउन पहल भइरहेको जनाएको छ।

पहिरोमा पुरिए ७० भन्दा बढी भेडाबाख्रा



काँक्रेविहार संवाददाता
डोल्पा, २३ भदौ

त्रिपुरासुन्दरी नगरपालिका पाँच ल्हाँस्थित मुदुवाघारी खर्कमा पहिरोमा परी ७० भन्दा बढी भेडाबाख्राको मृत्यु भएको छ। केही भेडाबाख्रा घाइते भएका छन्।

लगातारको वर्षासँगै आइतबार साँझ करिब चार बजे ढुंगासहितको पहिरो खसेर खर्कमा चरिरहेका भेडाबाख्रा पुरिएका हुन्।

पहिरोमा ल्हाँ गाउँका करिब १२ देखी १३ घरपरिवारका भेडाबाख्रा परेको त्रिपुरासुन्दरी पाँचका वडाध्यक्ष नरबहादुर झाँक्रीले जानकारी दिए।

स्थानीय कृषकले संयुक्त रूपमा भेडाबाख्रा चराइरहेका बेला अचानक पहिरो खसेको थियो। पहिरोमा परेका केही भेडाबाख्रा घटनास्थलमै मरेका थिए भने केही घाइते भएका छन्। सबै कृषकका भेडाबाख्रा एउटै क्षेत्रमा रहेकाले व्यक्तिगत रूपमा भएको क्षतिको यकिन विवरण भने आउन बाँकी रहेको वडाध्यक्ष झाँक्रीले बताए।

क्षतिको विवरण संकलन गर्न नेपाल प्रहरीको रोहबरमा मुचुल्का उठाउने काम भइरहेको उनले जानकारी दिए। भेडाबाख्रा पालनलाई मुख्य आय आर्जनको स्रोत बनाउँदै आएका स्थानीय कृषक एकैपटक ठूलो क्षति भएपछि चिन्तित बनेका छन्।

पहिरोका कारण लाखौँ रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। वडाध्यक्ष झाँक्रीले विपद्का कारण ठूलो आर्थिक क्षति व्यहोरेका कृषकलाई तत्काल राहत तथा आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायसँग आग्रह गर्नुभएको छ। उनले क्षतिको यकिन विवरण आएपछि थप राहतका लागि पहल गरिने बताए।

कारागारका दुई सय दुई कैदी अझै फरार



काँक्रेविहार संवाददाता
धनगढी, २३ भदौ

जेनजी आन्दोलनका क्रममा कैलाली कारागारबाट भागेका दुई सय दुइ कैदीबन्दी अझै फरार रहेका छन्। फरारमध्ये १९ जना भारतीय नागरिक रहेको कारागार प्रशासनले जनाएको छ। गत वर्ष भदौ २४ गते आन्दोलनका क्रममा कैलाली कारागारमा तोडफोड भएपछि ठूलो संख्यामा कैदीबन्दी कारागारबाट बाहिरिएका थिए। त्यतिबेला कारागारमा रहेका छ सय ६७ कैदीबन्दीमध्ये छ सय ६५ जना बाहिरिएका थिए।

एक जना बिरामी भएर अस्पतालमा उपचाररत थिए भने अर्का एक जना कारागारमै बसेका थिए। कारागार प्रशासनका अनुसार हालसम्म चार सय ६३ जना कैदीबन्दी कारागारमा फर्किसकेका छन्। फर्किएकामध्ये केहीले आफ्नो बाँकी कैद सजाय पूरा गरी रिहा भइसकेका छन्। तर, अझै दुई सय दुई जना कैदीबन्दी भने सम्पर्कमा नआएको निमित्त जेलर वसन्त जोशीले जानकारी दिए।

फरार कैदीबन्दीलाई कारागारमा फर्किन जिल्ला प्रशासन कार्यालयले निरन्तर आग्रह गर्दै आएको छ। प्रहरीले पनि फरार कैदीबन्दीको खोजी गरिरहेको जनाएको छ। विशेषगरी जघन्य अपराधमा संलग्न भएर फरार रहेका कैदीबन्दीको खोजीलाई प्राथमिकतामा राखिएको बताइएको छ।

फरारमध्ये भारतीय नागरिकसमेत रहेकाले उनीहरूको खोजीका लागि प्रहरीले आवश्यक समन्वय र प्रयास गरिरहेको जनाएको छ। उनीहरू नेपालमै रहेको वा भारततर्फ गएको भन्ने विषयमा समेत प्रहरीले निगरानी बढाएको छ। यसैबीच, आन्दोलनका क्रममा क्षतिग्रस्त कैलाली कारागार प्रशासन कार्यालयको मर्मतसम्भार गरिएको छ।

कारागारको बाहिरी सुरक्षा मजबुत बनाउन ठूलो पर्खाल निर्माण गरिएको छ। त्यसैगरी, कैदीबन्दी राख्न नयाँ भवन निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइएको निमित्त जेलर जोशीले बताए। कारागारको भौतिक संरचना सुधारसँगै सुरक्षा व्यवस्था थप कडा बनाउने तयारी भइरहेको प्रशासनले जनाएको छ।

बाँकेमा भाइरल ज्वरोका बिरामी बढे

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २३ भदौ

अत्यधिक गर्मीपछि भएको वर्षासँगै मौसममा आएको परिवर्तनले बाँकेमा भाइरल ज्वरो, रुघाखोकी, निमोनिया तथा झाडापखालाका बिरामी बढेका छन्।

पछिल्ला केही दिनयता अस्पताल तथा निजी क्लिनिकमा यस्ता स्वास्थ्य समस्या लिएर आउने बिरामीको सङ्ख्या बढेको चिकित्सकहरूले बताएका छन्। भेरी अस्पतालका सूचना अधिकारी तथा वरिष्ठ फिजिसियन डा. सङ्केतकुमार रिसालका अनुसार अहिले उच्च ज्वरो, रुघाखोकी, घाँटी दुख्ने, टाउको दुख्ने, नाक पोल्ने तथा घाँटीमा खसखस हुनेजस्ता समस्या भएका बिरामी बढी आउने गरेका छन्। अस्पतालको आकस्मिक कक्षमा यस्ता बिरामीको चाप बढेको र ओपिडीमा समेत भाइरल फ्लुका बिरामी उल्लेख्य संख्यामा उपचारका लागि आउने गरेको उनले बताए। मौसममा आएको उतारचढावका कारण नेपालगन्जस्थित सञ्जीवनी अस्पतालमा पनि रुघाखोकी, ज्वरो तथा झाडापखालाका बिरामी बढेका छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रोमन किदवईले केही दिनयता यस्ता समस्या भएका बिरामीको सङ्ख्या निरन्तर बढिरहेको जानकारी दिए। सुपर पोलिक्लिनिकका वरिष्ठ फिजिसियन डा. अल्ताफान राहीका अनुसार अहिले देखिएको भाइरल ज्वरो कतिपय बिरामीमा लामो समयसम्म रहने र उच्च तापक्रम देखिने गरेको छ। उनले स्वास्थ्य समस्या देखिएमा समयमै चिकित्सकको परामर्श लिन सुझाव दिए। नेपालगन्जका अन्य अस्पताल तथा निजी क्लिनिकमा पनि उच्च ज्वरो, रुघाखोकी, टाउको दुख्ने, मांसपेशी तथा जोर्नी दुख्ने, घाँटी दुख्ने, निमोनिया र झाडापखालाका बिरामी बढेको चिकित्सकहरूले बताएका छन्। चिकित्सकहरूले मौसम परिवर्तनसँगै दूषित पानी र अस्वस्थ खानपानका कारण पनि संक्रमण फैलिन सक्ने भन्दै सफा पानी पिउन, सरसफाइमा ध्यान दिन र खानपानमा सावधानी अपनाउन आग्रह गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कर्णालीमा पक्की सडक निर्माण सुस्त

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ भदौ

कर्णाली प्रदेश सरकारले पूर्वाधार विकासलाई प्राथमिकता दिँदै आए पनि पक्की सडक निर्माणमा अपेक्षित प्रगति हासिल गर्न सकेको छैन।

हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा सडकलाई प्राथमिकता दिइए पनि लक्ष्यअनुसार कालोपत्र सडक निर्माण हुन नसकेको सरकारी तथ्यांकले देखाएको छ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ। पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ विनियोजन गरिए पनि पहिलो महिनामा ३ करोड ३४ लाख ४१ हजार रुपैयाँ मात्रै खर्च भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा एक सय ६५ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य राखिएकोमा ९१.७७ किलोमिटर मात्रै निर्माण भएको थियो। अघिल्लो आर्थिक वर्षमा ७२ किलोमिटर सडक कालोपत्र भएको थियो। लक्ष्यको तुलनामा भने प्रदेश सरकारको उपलब्धि कमजोर देखिएको छ।



प्रदेश स्थापना भएयता नौ वर्षमा कर्णालीमा ३४१.३७ किलोमिटर मात्रै कालोपत्र सडक निर्माण भएको छ। यही अवधिमा तिन हजार चार सय १६ किलोमिटरभन्दा बढी माटे सडक र आठ सय १९ किलोमिटरभन्दा बढी ग्राभेल सडक निर्माण गरिएको छ। यसले नयाँ सडकको ट्याक खोल्ने कामलाई बढी प्राथमिकता दिइएको देखाउँछ। गत आर्थिक वर्षमा १० जिल्लामा ५९.७ किलोमिटर कालोपत्र गर्ने लक्ष्य रहेकामा २९.९ किलोमिटर मात्रै निर्माण भयो।

कालीकोटमा पाँच किलोमिटरको लक्ष्य भए पनि काम हुन सकेन। जाजरकोट, हुम्ला र रुकुमपश्चिममा पनि लक्ष्यअनुसार प्रगति भएन भने जुम्लाले निर्धारित लक्ष्य पूरा गरेको थियो।

कच्ची सडक विस्तारमा जोड दिइए पनि स्तरोन्नति र कालोपत्रको गति सुस्त हुँदा सडकको दिगोपन तथा दुर्घटनाको जोखिम बढेको सरोकारवालाको भनाइ छ।

मुख्यमन्त्री मंगलबहादुर शाहीले बहुवर्षीय तथा स्रोत सुनिश्चित भएका योजनालाई प्राथमिकतामा राखेर बजेट कार्यान्वयन भइरहेको बताएका छन्। उनले कानुन र स्वीकृत योजनाअनुसार विकास निर्माणलाई अघि बढाइने बताए।

तेस्रो पटकको कार्यतालिकामा होला त कांग्रेसको महाधिवेशन ?

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ भदौ

नेपाली कांग्रेसको निर्वाचन समितिले मंगलबार पार्टीको १५औं महाधिवेशनका लागि तेस्रो कार्यतालिका सार्वजनिक गरेको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा संयोजक प्रेमबहादुर खड्काको अध्यक्षतामा बसेको समिति बैठकले तेस्रो कार्यतालिका ल्याएको हो।

तेस्रो कार्यतालिकामा पनि केन्द्रीय महाधिवेशनको मिति भने परिवर्तन गरिएको छैन। केन्द्रीय महाधिवेशनका लागि गत चैत ११ गतेको निर्णयअनुसार असोज १६ देखि १९ गतेसम्म गर्ने मिति कायम राखिएको छ।

तर, तल्लो तहका अधिवेशनको मिति भने चैत ११ गतेको निर्णयलाई भदौ २ गते निर्वाचन समितिको बैठकले सच्याएको थियो। त्यो मिति मंगलबार बसेको निर्वाचन समिति बैठकले सच्याएको छ।

चैत ११ गते केन्द्रीय समिति बैठकले वडा अधिवेशन भदौ २ गते, गाउँ नगर अधिवेशन भदौ ७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन भदौ १७ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन भदौ २४ गते, जिल्ला अधिवेशन असोज २ र ३ गते, प्रदेश अधिवेशन असोज ७ र ८ गते गर्ने निर्णय गरेको थियो।

त्यो कार्यतालिकालाई निर्वाचन समितिले सच्यायो। निर्वाचन समितिले त्यो बेला वडा अधिवेशन भदौ २४



गते, गाउँ नगर अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन भदौ ३१ गते, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन असोज ३ गते जिल्ला अधिवेशन असोज ७ गते, प्रदेश अधिवेशन असोज १० गते गर्नेगरी कार्यतालिका परिवर्तन गऱ्यो।

त्यो कार्यतालिकालाई पनि मंगलबार बसेको निर्वाचन समितिको बैठकले परिमार्जन गरेको छ। यो कार्यतालिकामा वडा, गाउँ/नगर, प्रदेशसभा र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन गरेपछि सिधै महाधिवेशन गर्ने उल्लेख छ। जिल्ला र प्रदेश अधिवेशन महाधिवेशन गर्नेगरी कार्यतालिका ल्याइएको छ।

नयाँ परिमार्जित कार्यतालिकाअनुसार वडा अधिवेशन असोज ३ र ४ गते, गाउँ नगर अधिवेशन असोज ७ गते र प्रदेशसभा/प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन असोज १० गते गर्ने उल्लेख छ।

महाधिवेशनका लागि राष्ट्रिय सभा गृहमा हल बुक गर्न कांग्रेस केन्द्रीय कार्यालयले मंगलबार नै पत्राचार गरिसकेको छ।

तर, गत पुसमा तत्कालीन केन्द्रीय कार्यसमितिको असहमतिबिच महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा भएको विशेष महाधिवेशनपछि कांग्रेसमा देखिएको विवाद साम्य भइसकेको छैन। निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूहको कार्यतालिकामा सहमति नभएकाले यो मितिमा पनि महाधिवेशन हुने नहुने अन्योल कायमै छ।

१३ घण्टा अवरुद्ध राप्ती लोकमार्ग खुल्यो

❐ काँक्रेविहार संवाददाता
सल्यान, २३ भदौ

अविरल वर्षापछि पहिरो खस्दा सोमबार रातिदेखि अवरुद्ध भएको राप्ती लोकमार्गअन्तर्गत सल्यान देखी दाङ सडकखण्ड करिब १३ घण्टापछि सञ्चालनमा आएको छ।

सडकका विभिन्न स्थानमा खसेको पहिरो हटाएपछि यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। कपुरकोट गाउँपालिका पाँच खारखोलामा सोमबार राति ८:५० बजे पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको थियो।

सुरक्षा निकाय तथा सम्बन्धित निकायको समन्वयमा पहिरो हटाएपछि मंगलबार बिहान १०:१३ बजे सडक सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक देवराज भट्टराईले जानकारी दिए। खारखोलामा सडक खुले पनि तत्काल साना सवारीसाधनलाई मात्र आवागमनको व्यवस्था गरिएको प्रहरीले जनाएको छ। पहिरो खसेको स्थानमा थप क्षति हुन सक्ने जोखिम रहेकाले सावधानी अपनाउन यात्रु तथा चालकलाई आग्रह गरिएको छ। त्यस्तै, कपुरकोट गाउँपालिका तिन स्थित चोरखोलामा पनि सोमबार राति ८:५० बजे पहिरो खसेर सडक अवरुद्ध भएको थियो। उक्त स्थानमा मंगलबार बिहान ९:१३ बजे पहिरो हटाएर यातायात सञ्चालन गरिएको प्रहरीले जनाएको छ। लगातार भइरहेको वर्षाका कारण राप्ती लोकमार्गको सल्यान देखी दाङ खण्डमा पछिल्लो समय पटकपटक पहिरो खस्ने गरेको छ। सडक अवरुद्ध हुँदा यात्रु तथा मालवाहक सवारीसाधन लामो समयसम्म बीच बाटोमै रोकिनुपर्ने अवस्था आउने गरेको छ। यसैबीच, खारखोलामा गएको पहिरोमा परी सोमबार राति एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्। पहिरोका कारण सडक अवरुद्ध हुनुका साथै जनधनमा समेत क्षति पुगेपछि स्थानीयवासी त्रसित बनेका छन्। वर्षायाममा जोखिमयुक्त स्थान पहिचान गरी सडक छेउछाउको पहिरो नियन्त्रण तथा पानी निकासको उचित व्यवस्थापन गर्नुपर्ने स्थानीयको माग छ।

निरन्तर वर्षा भइरहेकाले सडकमा पुनः पहिरो खस्न सक्ने सम्भावना रहेकाले यात्रामा सावधानी अपनाउन प्रहरीले आग्रह गरेको छ।

'२३ गतेको...

वर्ष भदौ २३ गते लोकतन्त्रमा पनि नागरिकमाथि गोली चलेको स्मरण गर्दै उनले अब त्यस्तो नियति कसैले भोग्न नपर्ने स्पष्ट पारिन्। देशमा भइरहेको भ्रष्टाचार र सुशासनविरुद्ध आवाज उठाउँदा नागरिकले गोली खानुपरेको उनको भनाइ थियो। भदौ २३ गते राज्यले गरेको दमनका कारण २४ गतेको घटना निम्तिएकाले ती दुवै दिनका घटनालाई एउटै रूपमा हेर्न नहुने उनले बताइन्।

जेन-जी समुदायभित्रै विभाजन र दोषारोपण बढेमा आन्दोलनका विरोधीहरूले फाइदा उठाउने भन्दै उनले शहीद परिवार, घाइते र आन्दोलनकारीलाई एक ठाउँमा उभिन आग्रह गरिन्।

मन्त्री गौतमले भनिन्, 'हामी एकआपसमै लड्न थाल्यौं, एकआपसमै दोषारोपण गर्न लाग्यौं भने विरोधीहरूले स्पेस पाउँछन्। त्यसकारण सही मान्छेहरू एक ठाउँमा उभिइरहनुपर्छ।'

आन्दोलनपछिको निर्वाचनमार्फत जनताले आफ्नो नेतृत्व रोजेको हुनाले वर्तमान सरकार नागरिकको आवाज सुन्न तयार रहेको उनले बताइन्।

सरकार गठन भएको करिब पाँच महिनामा सरकार सञ्चालन सहज नरहेको उल्लेख गर्दै प्रतिनिधिसभामा पर्याप्त सङ्ख्या भए पनि संवैधानिक संरचनाका कारण कानुन निर्माणमा चुनौती रहेको उनले स्पष्ट पारिन्।

माग सम्बोधनमा ढिलाइ हुँदा धैर्यता टुट्न सक्ने सम्भावनालाई स्वीकार गर्दै उनले सफा नियतका साथ काम भइरहेकाले संयम अपनाउन अनुरोध गरिन्।

मन्त्री गौतमले भनिन्, 'यो सरकार सफा नियतसहित आएको छ। हाम्रा सहिद र घाइते साथीहरूले देखेका हरेक सपनाहरू पूरा गर्न यो सरकार पूर्ण रूपमा प्रतिबद्ध छ। यो सरकारमाथि विश्वास राखौं, यो सरकारले गर्छ।'र पूर्ण रूपमा प्रतिबद्ध छ। यो सरकारमाथि विश्वास राख्नुस्, यो सरकारले गर्छ।'





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)